कम्पनी द.नं.: ९८९/२०६३/६४
इजाजतपत्र नं.: 'घ'१२/२०६३/२०६४

# नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड

# NERUDE MIRMIRE LAGHUBITTA BITTIYA SANSTHA LIMITED

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

## प्रेस विज्ञप्ति

मिति: २०८३/०५/१५

हालै भोटेकोशी लगायत विभिन्न क्षेत्रमा आएको बाढी तथा प्राकृतिक विपद्का कारण भएको जनधनको क्षतिप्रति नेरूडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडले गहिरो दुःख व्यक्त गर्दै प्रभावित परिवार तथा समुदायप्रति ऐक्यबद्धता जनाएको छ ।

विपद्मा परी ज्यान गुमाउनु भएका सम्पूर्ण मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना तथा घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं । साथै, बेपत्ता भएका व्यक्तिहरूको यथाशीघ्र खोजी तथा उद्धार कार्य सफल होस् भन्ने कामना गर्दछौं ।

यस कठिन परिस्थितिमा **"विपद्मा एकअर्काको साथ, सहयोग र सहकार्य नै मानवीय धर्म हो"** भन्ने भावनाका साथ नेपाल सरकारबाट भइरहेको उद्धार, राहत तथा पुनःस्थापना अभियानमा संस्थाको तर्फबाट समेत हातेमालो गरिएको छ ।

यसै क्रममा नेरूडे मिर्मिरे लघुवित्त वित्तीय संस्था, संस्थाका सञ्चालकहरू तथा कर्मचारी परिवारको सामूहिक योगदानबाट कुल रु. २८,२०,२४९ ।- (अक्षरेपी अठ्ठाइस लाख बीस हजार दुई सय उनन्पचास रुपैयाँ मात्र) राहत सहयोग प्रदान गरिएको छ । उक्त सहयोग रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा हुने गरी अर्थ मन्त्रालयमा पुगेर हस्तान्तरण गरिएको हो ।

संस्था सदैव मानवीय हित, सामाजिक उत्तरदायित्व र समुदायप्रतिको दायित्वलाई आफ्नो कार्यसंस्कृतिको महत्वपूर्ण हिस्साका रूपमा लिंदै आएको छ । विपद्को यस कठिन घडीमा गरिएको यो सहयोग प्रभावित नागरिकहरूको पीडामा केही भए पनि मल्हम लगाउने र राहत तथा पुनःस्थापना प्रयासमा सानो योगदान पुऱ्याउने उद्देश्यले गरिएको हो ।

विपद् कुनै एक व्यक्ति, परिवार वा क्षेत्रको मात्र समस्या होइन; यो हामी सबैको साझा जिम्मेवारी हो । त्यसैले सरकार, निजी क्षेत्र, संघ-संस्था, समुदाय तथा आम नागरिक सबैले आफ्नो क्षमता र सामर्थ्य अनुसार सहयोग गर्दै अघि बढ्नुपर्ने आजको आवश्यकता हो ।

नेरूडे मिर्मिरे परिवार सकारात्मक सोच, भाइचारा, आत्मीयता र सहकार्यको भावनासहित विपद्मा परेका नागरिकहरूको साथमा रहेको प्रतिबद्धता व्यक्त गर्दछ ।

नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लि. २०६३ केन्द्रीय कार्यालय, बनेपा-८, काभ्रे

**Global IME Bank**
ग्लोबल आइएमई बैंक लि.

LOKANTHALI BRANCH

A/c PAYEE 2820249 ONLY

Date / मिति: 1 5 0 5 2 0 8 3
Day/गते Month/महिना Year/साल

Pay against this cheque to / श्री: Prime Minister Disgaster Relief Fund — Or Bearer / वा वाहकलाई

the sum of / रकम (अक्षरमा): Twenty Eight lakhs Twenty Thousand Two Hundred fourty Nine Only. — भुक्तानी दिनुहोला ।

28,20,249/-

08901010000246
NERUDE MIRMIRE LAGHUBITTA BITTIYA SANSTHA LIMITED
NPR

Please do not write or sign below this line

यो धर्का भन्दा तल नलेख्नु होला ।

⑈009237876⑈ 1901 ⑈